**सिंजा गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**नराकोट, जुम्ला**

# सिंजा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**प्रस्तुतकर्ता**

पुर्णप्रसाद धिताल

गाउँपालिका अध्यक्ष

मितिः२०८२/०३/१०

# सिंजा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८२ को नीति तथा कार्यक्रम

सिंजागाउँपालिका नेपालको सांस्कृतिकगौरव, ऐतिहासिक सम्पदा र भाषिकपहिचानको केन्द्र हो । खस सभ्यताको उद्गमस्थलको रूपमाचिनिने यस पालिकाले दिगो, समावेशी, प्रविधिमैत्री र जनउत्तरदायी स्थानीयशासनको अभ्यासलाई संस्थागतगर्दै आर्थिक वर्ष २०८२।८३ का लागि निम्नबमोजिमका नीति तथा कार्यक्रमहरू ल्याउने अबसर प्राप्त गरेको छ।

आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रमलाई विषयगत रुपमा प्रस्तुती गर्ने अनुमति चाहन्छु ।

## क) सडक पूर्वाधार विकासः सर्वत्र पहुँच र स्तरबृद्धि

गाउँपालिकाका सबै ६ वटै वडाका ३० वटै गाँउ सडक सञ्जालमाजोडिने छ । पालिकामा रहेका अवस्थित सडकहरूको स्तरोन्नति गरिनेछ ।

१. पालीका केन्द्र देखि राज मार्ग जोड्ने नराकोट कोटेसाँघु र रनुखाना मा मोटरेवल पुल निर्माण र्गारिने छ ।
२. रुघाखोला, तरन्देउखोलामा २ वटा पक्की पुलहरूको निर्माण सम्पन्नगरिनेछ ।
३. भाडगाँउ छकाल्यापानी सडकको ट्याक खोली सिजा गा पा र चन्दननाथ नगरपालिका मोटरबाटो जोडिने छ ।
४. चुलेलगाँउ नराकोट , धापा हुँदै कनकासून्दरी सम्म जोड्ने सडक स्तरोन्नती गरिने छ ।
५. नराकोट देखि बारे केदारनाथ र गोठी  देवीडाँडा हुँदै बाअँ गाडापानीबाट भुली हुँदै नराकोट सम्म चक्रपथ निर्माण र स्तरोन्नती गरिने छ ।
६. नराकोट गाँउको विचबाट विरेडाँडा सडक जोडिने छ ।
७. जाच जीवर्का पक्की पुलको बाँकी काम पुरा गरि गाडि गुडाइने छ । जिवर्का देखि मालिका मा वि हुँदै  सिजा क्याम्पस  सम्मको राजमार्ग जोड्ने सडक स्तरोन्नती गरिने छ ।
८. धिताललीही देखि हिमा गा पा को मोफ्ला जोड्ने सडक थालनी गरिने छ ।
९. नाग्म-गमगढी सडक कालोपत्रे गर्नकालागि समन्वय, दवाब र बजेट कार्यान्वयनमा सहजिकरण गरिनेछ ।
१०. सिंजा देखि पलाता जोड्ने घोडेँगा बाग्रे सडक अगाडी बढाईने छ ।

*ख स्वच्छ खानेपानी तथा ढल निकास – छड्क्या धारा फड्क्या नाला*

११. यो वर्ष सिजा गापा का ९० प्रतिसत घरहरुमा एक घर एक धारा कार्यक्रम सम्पन्न गरिने छ । जस अन्तरगत जोडु , भाडगाँउ, पिँगी, भुली, धापा र चुलेलगाँउमा एक घर एक धारा स्वच्छ खानेपानी पुरयाइने छ ।

१२. नराकोट गाँउको पुनेरी छडामुल बाट चुके आरु टयाँकी सम्म नयाँ पानी मिसाईने छ ।

१३. एक एक धारा सम्पन्न भएका गाँउहरुमा जन सहभागितामा ढल निकास गरिनेछ ।

१४. काँडा गाँउ खानेपानीलाई मर्मत गरिने छ ॥

खानेपानी तथा सिँचाइ योजनाहरू मानविनप्रविधिको प्रयोग गर्दै दीर्घकालीन सेवा सुनिश्चित गरिने छ ।

१५. हाल सम्म सम्पन्न भएका सबै खानेपानी आयोजनाहरुको मुल दर्ता गरि उपभोक्ता समितिहरुको सँस्थागत क्षमता अभिबृद्धि गरिने छ । पालिकाको वास प्लानलाई प्रभावकारी रुपमा कार्यानोयन गरिने छ ।

१६. भौतिक निर्माणका सबै आयोजना हरुलाई योजना बैंकको आधिकारिक प्रयोग गरी, प्राथमिकता प्राप्त परियोजनाहरूमा बजेट विनियोजन गरिनेछ। थप आयोजनाकालागि रकम जुटाइने छ ।

*ग).शिक्षा तथा खेलकुद क्षेत्र:प्रविधि, पहुँच र गुणस्तर*

१७. पालिका स्तरीय शैक्षिक क्यालेण्डर निर्माण गरि लागु गरिने छ । पठन पाठन, परीक्षा , मुल्याकन र सबै शैक्षिक गतिविधिहरुलाई एकरुपता ल्याइने छ ।

१८. बत्ती र कक्षाकोठाको बन्दोबस्त गरि सबै विद्यालयमा स्मार्ट बोर्ड स्थापनागरिने र डिजिटल शिक्षण प्रविधिको प्रयोग अनिवार्य गरिनेछ। यसकालागि आइ सि टि तालिम सञ्चाालन गरिने छ । आवश्यकता अनुसार अन्य साझेदार सँस्थाहरुसँग समन्वय गरिने छ ।

१९. विद्यालयहरुमा शैक्षिक गुणस्तर विकासकालागि परियोजना कार्य गर्न एकमुष्ट अनुदानको व्यवस्था गरिने छ ।

२०. शिक्षा सँग सरोकार राख्ने सरकारी तथा गैह्र सरकारी परियोजना सँग समन्वय र सहकार्य गर्दै विद्यालयहरुमा शैक्षिक सामग्री व्यवस्थापन, भौतिक निर्माण र फर्नीचरको व्यवस्था गरिने छ ।

२१. विद्यालय मर्ज र तह मिलान लाई प्रोत्सहित गरिने छ । विषयगत दरबन्दी मिलान र प्रअ मिलान गरि विद्यालयको कुशल व्यवस्थापन लाई थप जोड दिईने छ ।

२२. खेलकुद र अतिरिक्त क्रियाकलापहरुमा विद्यालयहरु विच आन्तरिक र बाह्य प्रतिस्पर्धा र सहयोगलाई निरन्तर जारी राखिनेछ र मर्यादित परीक्षा सञ्चालनलाई थप प्रभावकारी बनाईने छ ,।

२३. नतिजामा आधारित भई वि व्य स ,प्र अ, शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई विगत वर्षहरुमा शिक्षा दिवसमा गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिदै थप व्यवस्थीत गरिने छ।

२४. सामाजिक सञ्जालको माध्याम बाट शिक्षकहरुलाई विषयगत समुह बनाई सफल अभ्यास आदन प्रदान तथा सैक्षिक समस्या समाधान कालागि उत्प्रेरित गरिने छ।

२५. उच्च शिक्षा अध्ययन गरिरहेका मेधावी विद्यार्थीहरुलाई न्युनतम प्रोत्साहन स्वरुप छात्रबृत्तिको व्यवस्था गरिने छ।

२६. सिंजा बहुप्राविधिक शिक्षाालय स्थापनाको कार्य सुरु गरिनेछ। भौतिक निर्माणका लागि थप जग्गा प्राप्त गरिने छ।

२७. शिक्षक माझ नविन पाठ्यपद्धति तथा प्रविधिप्रयोग सम्बन्धी तालिम कार्यक्रम सञ्चालनगरिनेछ।

२८. दलित, जनजाति, विपन्नवर्गका विद्यार्थीलाई लक्षित गरी छात्रवृत्रि् कार्यक्रम सुदृढ पारिनेछ।

२९. स्थानीय पाठ्यक्रम मा आधारित भई स्थानीय पाठयपुस्तक निर्माण गरि पठन पाठन लाइए व्यवस्थित गरिने छ।

३०. अध्यक्ष कप लगायत खेलकुद गतिविधीलाइ निरन्तर सञ्चालन गरिने छ।

## *घ) स्वास्थ्य:मानव केन्द्रित सेवाको सुदृढीकरण*

३१. जेष्ठ नागरिक घर दैलो -म स्वास्थ मेरो समुद ाय स्वास्थ घर टोलमा स्वास्थ प्रबर्द्धन , लक्षित वर्गलाई निशुल्क एम्बुलेन्स सेवा निशुल्क औषधि वितरण , अर्धवार्षिक स्वास्थ्य सिभिर जस्ता विगतका कार्यक्रमहरुलाई निरन्तरता दिदै विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम मासिक रुपमा सञ्चालन गरिने छ।

३२. सिजा गा पा लाई सून्यघर सुत्केरी पालिका घोषणा गरिने छ मातृस्वास्थ्य, शिशु स्वास्थ्य र जेष्ठ नागरिकको स्वास्थ्य सेवामा प्राथमिकतादिइनेछ। सबै वडामा नयाँ एम्बुलेन्सको परिचालन गरिनेछ।

३३. सिजा गाँउ पालिका र धुलिखेल अस्पताल विच टेलिमेडिसन , स्वस्थ्य कर्मिलाई तालि्म , र उपचार प्रविधि र उपकरणका लागि सम्बन्ध विस्तार गरिने छ।

३४. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कर्मीलाई सम्मान कार्यक्रम लागु गरिने छ । स्थानिय स्वास्थ्य संस्था तथा चौकीहरूमा आवश्यक औषधि र दक्षजनशक्ति सुनिश्चित गरिनेछ।

३५. वडा वडामा स्वास्थ्य तथा पोषण जागरूकताकार्यक्रम सञ्चालन गरिनेछ। पोषण मैत्री पालिका घोषणा गरिने छ ।

३६. नराकोट स्वास्थ्य चौकीलाई आँखा प्रयोगशाला , योग तथा आयुर्वेद ,दन्त उपचार र एक्सरे को व्यवस्था गर्दै डाक्टर उपलब्धता का लागि प्रयत्न गरिने छ । वडानं २ मा प्रयोगशाला स्थापना गरिने छ ।

३७. स्वास्थ मन्त्रालय सँग पहल गरि वडा नं ६ को सामुदायिक स्वास्थ्य इकाइलाई नयाँ भवन निर्माण गरिने छ ।

३८. सिजा गाँउपालिका मा रणनीतिक अस्पतालको स्थापना तथा सञ्चालनकालागि आवश्यक प्रक्रिया अघि बढाइने छ ।

३९. नसर्ने रोग तथा मानसिक स्वास्थ को सचेतना कार्यक्रम का साथै पुरानो एम्बुलेन्सलाई मर्मत गरि सवबहान र अतिरिक्त सेवाको रुपमा प्रयोग गरिने छ ।

### *ङ). कृषि – उत्पादन, बजारीकरण र रोजगारी*

४०. किसान परिचयपत्रवितरण गरिनेछ र किसानआयोग र कृषिमन्त्रालयसँगको समन्वयमा अनुदान प्रणाली लागू गरिनेछ।

४१. जैविक मल र आधुनिक प्रविधिको प्रयोग गरि मार्सी धान, स्याउ, सिमी, आलु, फापर र जौं आदि रैथाने बालीका उत्पादन बृद्धि, प्रवर्दन , ब्राण्डीग तथा बजारीकरण गरिनेछ। कृषि पर्यटनमा जोड दिईने छ ।

४२. पालिका स्तरीय कृषक सञ्जाल गठन गरि कृषि सम्बन्धी गतिविधी अगाडी बढाइने छ ।

४३. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बेद्धि गर्नकालागि कृषि क्षेत्रमा आधुनिकीकरण ,यान्त्रीकरणर व्यवशायिकरणमा जोड दिइने छ ।

४४. खाद्यान्न फलफूल तथा तरकारी् बालीमा देखा पर्ने रोग किराको पहिचान र न्यूनिकरणकालागि बालि रोग शिविर सञ्चालन गरिने छ । साथै वानस्पातिक विषादीको उपयोग गर्न किसानहरुलाइ प्रेरित गरिने छ ।

४५. । सिप, ्र जाँगर भएका तर पुँजीको अभाव भएका किसान हरुलाई सरल कृषि कर्जा अर्न्तगत राष्टिय वाणिज्य बैंक सँगको सम्झौता अनुसार १ प्रतिसत व्याज अनुदान पालिकाले नै बेहोर्ने गरी रु १०,०००,००। (दशलाख) सम्मको सहुलियत ऋृण उपलब्ध गराईने छ ।

४६. सिजा गाँउपालिका मा दर्ता भएका कृषि फर्म , कृषक समुह र कृषि सहकारीलाई अनुदान तथा सहुलियतमा प्राथमिकता दिईने छ । फलफूल खेती विकासमा NAFHA कार्यक्रम लाई अभियानका साथ अगाडि बढाईने छ । उक्त कार्यक्रम मार्फत सिचाँई सुविधा ,नर्सरी स्थापना तथा सुदृढिकरण र कृषि व्यवशायिकरणलाई जोड दिइने छ ॥

एक घर एक करेसाबारी कार्यक्रमलाई जोड दिइने छ । कृषि सम्बन्धी कार्यक्रमको अनुगमन र मुल्यांकनमा तथ्याँक को प्रयोग गरिने छ । वीउ वीजन , विषादी र मल अनुदान लाई निरन्तरता दिइने छ । रसायनिक विषादी मुक्त गरिनेछ । नव प्रवर्दन र उत्पादनका आधारमा उत्कृष्ट किसानलाई पुरस्कृत गरिने छ ।

**च) पशु पँछी विकास – निरोगी पशु पर्याप्त दुध र मासु**

पशु विकासका लागि प्रयोगशाला कार्यक्रम सञ्चालन गरिने छ । पशुमा लाग्ने आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण गरिने छ । पशु स्वास्थ्य शिविर , कृतिम गर्भाधान , खोप सेवा, जेनेटिक रोग बारे सचेतना कार्यक्रम , व्यवस्थीत मासु र दुध पसल सञ्चालन गरिने छ ।

४७. भेडा पकेट कार्यक्रम लाई निरन्तरता र विस्तार गरिने छ ,।

४८. पशुमा नश्ल सुधार कार्यक्रम सञ्चालन गरिने छ । सोका लागि लागत साझेदारीमा राँगो ,बोका र थुमा वितरण गरिने छ ।

४९. रेविज रो्ग नियन्त्रणकालागि आवश्यक कार्यक्रम चलाइने छ ।

५०. डिभिजन वन कार्यालयसँगको सहकार्यमा चरन सुधार तथा खर्क व्यवस्थापन कार्यक्रम सञ्चालनगरिनेछ।

५१. पशुपालनको क्षेत्रमा भैंसी, बाखापालनलाई प्राथमिकतादिइनेछ, सहकारी प्रणालीमा जोडिनेछ।

५२. पशु पँछी विमा सम्बन्धि किसानहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

५३. पालिका भित्र मिनि डेरी स्थापनाकालागि पहल गरिने छ ,

५४. पशु पँछीको महामारी रोग नियन्त्रणकालागि खोप सेवा कार्यक्रम सञ्चालन गरिने छ ।

५५. मासु तथा अण्डाका उत्पादकत्व बढाउन ग्रामिण कुखुरा प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।

५६. पशु पंछीमा उत्पादकत्व बढाउन पशु पोषण कार्यक्रम चलाइने छ ।

५७. पशु सेवा केन्द्रको स्तरोन्नतीकालागि आवश्यक बजेट व्यवस्गा मिलाईने छ ।

## छ.पर्यटन, संस्कृति र सम्पदा संरक्षण

५८. सिंजा सभ्यता र खस लिपिको संरक्षण, प्रवर्द्धन र प्रचारमा प्राथमिकता दिइनेछ ।

५९. पुरातात्त्विक क्षेत्रको अन्वेषणका लागि मध्यपश्चिम विश्वविद्यालयसँग सहकार्य गरिनेछ ।

६०. सिंजाक्षेत्रलाई UNESCO विश्व सम्पदा सूचीमा सूचिकृत गराउनप्रक्रिया अघि बढाइनेछ।

६१. 'खस संग्रहालयको सञ्चालन र थप निर्माण कार्यलाई तीव्रतादिइनेछ ।

६२. केदारनाथ मेलामा पशुपतिनाथ मन्दीरको प्रतिनिध मण्डललाई निमन्त्रणा दिईने छ । केदारनाथ तिर्थ यात्राकालागि देश तथा विदेशका प्रभावशाली व्यक्तीत्वहरुको भ्रमण गराइने छ ।

६३. राष्टिय रुपमै लविड गरेर तारनाथ,मुक्तिनाथ चन्दननाथ , केदारनाथ ,छायानाथ ,खार्पुनाथ र जगनाथ जस्ता नाथ सम्प्रदाय वा शिव सर्कीट सँग जोडेर सिजालाई धार्मिक पर्यटन प्रबर्द्धन गरिनेछ । यसै सर्किटमा कनकासून्दरी र बुडु मस्टोलाई पनि व्यापक प्रचार प्रसार गरिने छ ।

६४. जस्ता पाता लाई निरुसाहित गरिने छ । आधुनिक प्रबधि द्वारा माटोको उपचार गरि सिजाको परम्परागत घर निर्माण र वास्तुकला सँस्कृतीलाई जीवन्त राख्न माटोको छाना लाई प्रोत्साहित गरिने छ । मुख्य सडक आसपासमा आन्तरिक पर्यटकलाई लक्षित गरी होमस्टे प्रवर्द्धन कार्यक्रमविस्तार गरिनेछ ।

६५. नेपाल प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा 'सिंजा प्राज्ञिक महोत्सव'आयोजनागरिनेछ।

६६. सिँजामा रहेका सबै देउताका थानहरुमा अव उप्रान्त जस्ता पाता राख्न दिइने छैन । पालीहरुको जन सहभागितामा ती थानहरुलाई माटोको उपचार गरि छाना राखी परम्परागत लिंगो राख्न लगाइने छ । पालिकाले प्रबिधि र दक्ष कालीगढ उपलब्ध गराउने छ

६७. राइके डाँडामा निर्माणधिन नेपालको नक्शा निर्माणकार्य पुरा गर्न सहरी विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिने छ र नेपालको नक्शा पुरा भइसकेपछि खस सिजा सम्रराज्यको नक्शा निर्माण गरिने छ ।

## सीप, रोजगारी र उद्यमशीलता

६८. सिजा सभ्यता , आथित्य सत्कार ,खाद्य सुरक्षाका साथै रैथाने बालिका परिकार सम्बन्धि ६ वटै वडाका ४० जना युवाहरुलाई तालिम दिई स्वरोजगारी तथा पर्यटन प्रब्रद्धनकालागि तालिम तथा लघु उद्योग सञ्चालन गर्न अनुदान दिइने छ ।

६९. उद्योग प्रवर्द्धन निर्देशनालयसँग साझेदारीमा सीपमूलकतालिम (कुक, ब्यूटिसियन, टुरिज्म गाइड, मेसिनअपरेटर) सञ्चालनगरिनेछ।

७०. वैदेशिक रोजगारबाट फर्केकायुवालाई कृषि, निर्माण र प्रविधि क्षेत्रमालगानीगर्न प्रोत्साहनगरिनेछ।

७१. उद्यमशीलता प्रवर्द्धनकालागिप्रतिस्पर्धात्मक स्टार्टअप अनुदानकार्यक्रम लागू गरिनेछ

७२. सडक सञ्जाल सँग जोडियका बस्ती र उत्कृष्ट स्याउ बगैंचामा घर बास कार्यक्रम सञ्चालन गरिने छ ,

७३. होटेल, मासु पसल ,डेरी उद्योग सञ्चालक तथा व्यवशायिक लाई सीप तथा प्रविधिका कार्यक्रम सञ्चालन गरिने छ ।

७४. खाद्य गुणस्तर कायम गर्न बजार अनुगमन र उत्पादिन स्थानीय बस्तुको ल्याप परिक्षण गरिने छ ,

७५. मेट्पा कार्यक्रम बाट नयाँ उद्यमी सृजना र स्तर उन्नतीकालागि सिप विकास तालिम सञ्चालन गरिने छ ।

७६. परम्परागत सिपमा आधारीत लघु घरेलु तथा हरुतकला सम्बन्धि सिप विकास र प्रविधिहरु हस्तान्तरण गरिने छ ।

## झ महिला तथा बालबालीका शाखा सामाजिक समावेशीता, न्याय र सुरक्षा

७७. सिजा ३ धिताललिही गाँउमा रहेको बाल कल्याण भवनमा अपाँगता भएका तथा असहाय,र विशेष सँरक्षण आवश्यक भएका बालबालिकाहरुका लागि छात्राबास सञ्चालन गरिने छ । ती बालबालिकाहरुलाई नजिकको पायक पर्ने विद्यालयमा निशुल्क शिक्षा तथा शैक्षिक सामाग्री प्रदान गरिने छ यस आयोजनालाई पालिको गौरवको आयोजनाको रुपमा आत्मसाथ गरिने छ ।

७८. अपांगता, एकलमहिला, जेष्ठ नागरिक र आर्थिक रूपले कमजोर वर्गकालागि सामाजिक सुरक्षाकार्यक्रमलाई थप सुदृढ बनाइनेछ।

७९. लैंगिक हिंसा न्यूनीकरणका लागि समुदायमाआधारित सचेतनाकार्यक्रम सञ्चालनगरिनेछ।

८०. यस आ वा मा प्रत्यक वडा स्तरिय महिला समूह, किसोरी समुह ,पालीका स्तरीय महिला सञ्जाल गठन गरि अभिलेखिकरण गरि तिनीहरुको क्षमता अभिबृद्धि ,नेतृत्व विकास का तालिम सञ्चालन गरि समाजमा घट्ने गरेका विकृति विसंगति ,कुरीति कुसँस्कारका विरुद्धमा सचेतना जोगाउने जिम्मेवारी प्रदान गरिने छ ।

८१. बाल क्लव गठन तथा पुनगठन गरि उनिहरुलाइ दर्ता प्रक्रियामा अघि बढाई क्षमता विकासका कार्यक्रम चलाइने छ ।

८२. सिजा गाँउपालिकालाई बाल मैत्री पालिका बनाउनका लागि सरोकारवाला सँग समन्वय र सहकार्य गरि तथ्याँक संकलन गरि मापदण्ड पुरा भएका वडाहरुलाई बाल मैत्री वडा घोषणा गरिने छ ,।

८३. वडा नं १ र ५ लाई वाल विवाह मुक्त वडा घोषणा गरि पालिकालाई बाल विवाह मुक्त पालिका घोषणा गरिने छ ।

८४. यस वर्ष पालिकामा बाल कोक्ष तथा लैंगीक हिँसा निवारण कोष लाई बलियो र व्यवस्थीत बनाइने छ ।

८५. महिला तथा बालबालिका शाखा सँग सम्बन्धित सबै खालका दिवश हरुलाइ वडा तथा पालिका स्तर मा भब्यताका साथ मनाइने छ ।
साउन १ गते खस नयाँ वर्ष ,भाद्र २९ बाल दिवस , कात्तिक ६ गते र बैसाख १ गने तागा दिवस ,लैगिक हिँसा विरुद्धको १६ दिने अभियान मँशिर ९ देखि मंशिर २४ , मँशिर १७ गते अन्तराष्टिय अपाँगता दिवस ,फागुन २४ गते अन्तराष्टिय महिला दिवस , चैत्र २० गते विच्छती दिवस आदि

८६. वडा स्तरमा मानव बेच विखन तथा वसार प्रसार लागु ओषध दुर्वेशन विरुद्धमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

८७. नागरिक बडापत्र प्रभावकारी रूपमाकार्यान्वयनगरिनेछ, सार्वजनिक सेवामाजवाफदेहिता सुनिश्चितगरिनेछ।

८८. आयोजनाहरूको नीतिगतअनुगमन र मूल्यांकनलाई स्वचालित प्रणालीमार्फत व्यवस्थितगरिनेछ ।

८९. पालिकाका सबै वडाहरुमा सार्वजनिक सुनुवाई गरि पारदर्शीतालाई जनस्तरमा पुर्‍याएने छ ।

**वातावरण संरक्षण र जोखिमव्यवस्थापन**

९०. भूस्खलन, डढेलो, बाढी, सुक्खा जस्ता प्राकृतिकप्रकोप व्यवस्थापन योजनाहरू तयारी र कार्यान्वयनगरिनेछ ।

९१. हिमानदी जलाधार क्षेत्र र अन्य सानाखोलाहरुबाट हुने कटान न्यूनिकरण गर्न तटबन्ध र बृक्षारोपणका कार्यहरु गरिनेछ ।

९२. स्थानीय जन सहभागितामा सिँजा गाँउपालिकाले निर्माण गरेका सबै सडकहरुको किनारामा बृक्षा रोपण गरिने छ ।

९३. जलस्रोतको संरक्षण गरि बाताबरण सँरक्षण गर्न ***एक गाँउला १० नाउला*** कार्यक्रम सञ्चालन गरिने छ । यस बाट सुखा बनमा पनि पानीको सँचिती भई, बनस्पति चरा चुरुगी तथा बन्य जन्तुलाई लाभ मिल्ने छ । आधारित सिँचाइप्रविधिप्रयोग गरिनेछ

९४. वातावरणमैत्री प्रविधि (जस्तैस् प्लास्टिक न्यूनिकरण) जथाभावि सिसा बोतल निशेधलाई प्रवर्द्धन गरिनेछ ।

**सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

९५. सिजा गा पा भित्रका सबै सहकारी हरुको अभिलेखिकरण गरिने छ ।

९६. **सहकारी कर्मचारीहरुलाई** कोपोमिस ,सदस्यहरुलाइवितीय, साक्षारता र सहकारी व्यवस्थापन तालिम सञ्चालन गरिने छ ।

९७. ३० लाख भन्दा बढि कारोबारो भएका सहकारीहरुका ऋुणी सदस्यहरुलाई कर्णाली प्रदेश सरकार भुमि व्यवस्था तथा सहकारी मन्त्रालय को सहुलियत कार्यक्रम अनुसार व्याज अनुदान कार्यक्रम लागु गरिने छ ।

९८. पालिकामा रहेका सबै सहकारीहरुको अनुगमन गरि लेखा र कारोवार दुरुस्त राख्न लगाईने छ । सदस्यहरुको बचतको सूरक्ष ागर्न आवश्यकक कदम चालिने छ ।

९९. विगतमा गरिवी निवारण कोषद्धारा लगानी गरिएका समुहहरुलाई पुन जागृत गरि ती कोषहरु सक्रीय पारीने छ ।

**रोजगार सम्बन्धी नीति तथा कार्यक्रम**

१००. नयाँ आ व २०८२ । ८३ का लागि न्युनतम रोजगारीको प्रत्याभुतीको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तीलाई राष्टिय रोजगार कार्यक्रम अन्तरगत सञ्चालन गरिने रोजगार मुलक आयोजनामा प्राथमिकीकरण को आधरमा न्युनतम रोजगार उपलब्ध गराउन रोजगारी सृजनमा संलग्न गराईने छ ।

१०१. श्रम गर्ने सँस्कृतीको विकास र श्रमलाइ सम्मान गर्दै पालिका भित्र आन्तरिक रोजगारी र्सजना गरिने छ ।

१०२. पालीका भित्र रहेका वेरोजगार व्यक्तहरुको तथ्याक लीइने छ । रोजगारीका विभिन्न श्रोतहरुको खोजी गरिने छ ।

१०३. बैदेशिक रोजगारमा जाने व्यक्तहरुलाई सेवा केन्द्र मार्फत श्रम स्वीकृती सम्बन्धी आवश्यक सहजीकरण गरिने छ ।

१०४. बैदेशिक रोजगार बोर्ड बाट प्राप्त हुने सहुलियत लाई बैदेशीक रोजगारमा संलग्न व्यक्ती र परिवारलाई जोडिने छ । सो को सूचनालाई समुदायमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

१०५. रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरि सेवा केन्द्रमा कार्यरत सहायक कर्मचारीहरुको करार सेवालाइ निरन्तरता दिइने छ ।

१०६. कुर्नै पनि बालबालिका लाई बालश्रममा लगाउन दिईने छैन ।

१०७. जिल्ला हलिया मुक्त समाजसँग सहकार्य गरी हलिया श्रमलाई व्यवस्थीत गरिने छ ।

१०८. प्लान नेपाल ,पेश नेपाल र क्याड नेपाल सँगको समन्वयमा भौतिक विकास र स्वास्थ्य शिक्षा र लक्षित वर्गको उत्थानकालागि सहकार्य गरिने छ ।

**न्यायीक समिति**

*१०९.* समाजमा हुने विभिन्न अन्धविश्वास कुरीती हरुलाई हटाउ जनचेतना मुलक कार्यक्रमहरु ऋृघि बढाइने छ । कानून विपरित हूने अपराध हरुलाई नियन्त्रण गर्न कानून बमोजिम न्यायीक समितिको कीयाशिलता बढाईने छ ।

***योजना अनुगमन तथा मुल्याँकन***

*११०.* योजना सम्झौता प्रक्रियालाई प्रभावकारी बनाउन सप्टवयर खरिद गरिने छ ।

*१११.* टोल विकास सँस्थाहरुलाइ सक्रिय बनाउन आवश्यक तालिमको व्यवस्था गरिने छ।

*११२.* जन प्रतिनिधी र उपभोक्ता समितिलाई क्षमता अभिबृद्धि कायक्रम सञ्चालन गरिने छ ।

**पञ्जीकरण सम्बन्धी**

*११३.* का सबै वडाहरुमा सामाजिक सूरक्षा सम्बन्धि बायोमेटिक नविकरण गरिने छ

***घटना दर्ता सम्बन्धी सप्ताह अभियान सुरु गरिने छ । साथै क्षमता विकास तालिम सञ्चालन गरिने छ ।***

धन्यवाद ।

पूर्णप्रसाद धिताल
सिंजा गाउँपालिका अध्यक्ष
मितिः२०८२/०३/१०